# दिपायल सिलगढी स्थानीय राजपत्र

डोटी जिल्ला, प्रदेश नं. ७, नेपाल

स्थानीय सरकारद्वारा प्रकाशित

वर्षः ०१, अंक :०३ , संख्या : ०९, दिसिनपा,डोटी, स्थानीय राजपत्र, भाग :०२ मितिः २०७५ बैशाख ५ गते बुधबार


**भाग २**

**स्थानीय सरकार**

**दिपायल सिलगढी नगरपालिकाको सूचना**

दिपायल सिलगढी नगरपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्बसाधारणको जानकारीकोलागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७४ सालको नियमावली नं. ०९**

## सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन र व्यवस्थापन तथा नियमन कार्यविधी, २०७४

**प्रस्तावना :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को (२) खण्ड मा (ज) बमोजिम २ आधारभुत र माध्यमिक शिक्षाको उपखण्डसामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन र व्यवस्थापन तथा नियमन गर्ने अधिकारको कार्यान्वयन गर्न सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन र व्यवस्थापन तथा नियमन कार्यविधी, २०७४ तयार गरिएको छ ।

### परिच्छेद-१
### संक्षिप्त नाम र प्रारम्भ

**१. सक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधीको नाम "सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन र व्यवस्थापन तथा नियमन कार्यविधी २०७४ " रहेकोछ ।

(२) यो कार्यविधी तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

क. "कार्यविधी" भन्नाले सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन र व्यवस्थापन तथा नियमन कार्यविधी, २०७४ सम्झनु पर्दछ ।

ख. "नगरपालिका " भन्नाले दिपायल सिलगढी नगरपालिका सम्झनु पर्दछ ।

ग. "नगर प्रमुख र उप प्रमुख " भन्नाले दिपायल सिलगढी नगरपालिकाका नगर प्रमुख र उप प्रमुख सम्झनु पर्दछ ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दिपायल सिलगढी नगरपालिकको पमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ङ. "मन्त्रालय " भन्नाले शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालय सम्झनु पर्दछ ।

च."तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस कार्यविधी अन्तरगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

छ. "शिक्षा इकाई " भन्नाले दिपायल सिलगढी नगरपालिका अन्तरगत शिक्षा हेर्ने इकाईलाइ सम्झनु पर्दछ।

## परिच्छेद-२
## विद्यालय खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था

**३. विद्यालय खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था :** विद्यालय खोल्ने अनुमतिको लागि देहायअनुसार निबेदन दिनु पर्नेछ।

१. आधारभुत तह ( १-५ ), आधारभुत तह (६-८ ), माध्यमिक तह ( ९-१० ) र माध्यमिक तह ( ११-१२ ) विद्यालय खोल्न चाहनेले अनुमतिको लागि शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तिमा तीन महिना अगावै सम्बन्धित वडाको सिफारिस सहित अनुसूची १ बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

२. पुर्व प्राथमिक विद्यालय खोल्न चाहनेले अनुमतिको लागि शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तीमा दुई महिना अगावै अनुसूची २ बमोजिमको ढाँचामा सम्बन्धित वडाको सिफारिस सहित नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

**४. विद्यालय खोल्नका लागि पूरा गर्नु पर्ने पूर्वाधार :** विद्यालय खोल्नका लागि अनुसूची ३ बमोजिमको पूर्वाधार पूरा गरेको हुनु पर्नेछ ।

**५. विद्यालय खोल्न अनुमति दिने :**

१. विद्यालय खोल्ने सम्बन्धमा कार्य विधीको बुदाँ नं. ३ को १ बमोजिम निवेदन परेमा शिक्षा इकाईले निवेदन साथ प्राप्त कागजातहरु जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा त्यसरी खोलिने विद्यालयको लागि बुदाँ नं. ४ बमोजिमको पूर्वाधार पूरा भएको देखिएमा आधारभुत तह ( १-५ ), आधारभुत तह (६-८ ), माध्यमिक तह ( ९-१० ) र माध्यमिक तह ( ११-१२ ) विद्यालय खोल्न शैक्षिक सत्र शुरु हुनुभन्दा तीस दिन अगावै अनुसूची ४ बमोजिमको ढाँचामा नगरपालिकाले अनुमति दिनेछ ।

२. कार्य विधीको बुदाँ नं. ३ को २ बमोजिम निवेदन परेमा शिक्षा इकाईले निवेदन साथ प्राप्त कागजातहरु जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा त्यसरी खोलिने विद्यालयको लागि बुदाँ नं. ४ बमोजिमको पूर्वाधार पूरा भएको देखिएमा शैक्षिक सत्र शुरु हुनुभन्दा तीस दिन अगावै अनुसूची ५ बमोजिमको ढाँचामा नगरपालिकाले अनुमति दिनेछ ।

**६. विद्यालयले पालना गर्नु पर्ने शर्तहरु :** प्रचलित ऐन र नियमावलीमा लेखिएदेखि बाहेक विद्यालयले पालना गर्नुपर्ने शर्तहरु देहाय बमोजिम हुनेछ ।

क) नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्ने ।

ख) पाठ्यक्रम विकास केन्द्रको स्वीकृत बिना थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोग गर्न नहुने ।

ग) राष्ट्रियता प्रति आँच आउने पाठ्यसामग्री भएको पाठ्यपुस्तक विद्यालयमा अध्यापन गर्ने, गराउन नहुने ।

घ) नेपाल सरकारले तोकेको न्यूनतम तलब रकममा नघटाई शिक्षकलाई तलब दिनुपर्ने ।

ङ) अभिभावकको बार्षिक भेला गराई विद्यालयको आयव्यय, शैक्षिक उपलब्धि र आगामी शैक्षिक सत्रको कार्यक्रम पेश गर्नु पर्नेछ ।

च) विद्यालयको आयव्ययको लेखा राख्नु पर्नेछ ।

छ) विद्यालयले गरेको लगानीको प्रमाणको अभिलेख राख्नु पर्नेछ ।

ज) नेपालको राष्ट्रिय एकता सार्वभौमिकता तथा धार्मिक सहिष्णुतामा खलल पार्ने कुनै पनि क्रियाकलाप विद्यालयमा हुन नदिने ।

झ) विद्यालयमा तोकिएको शिक्षक संख्यामा नघटने गरी प्रचलित कानुन बमोजिम योग्यता पुगेको शिक्षकको व्ययसथा मिलाउने ।

ञ) विद्यालयमा अतिरिक्त क्रियाकलाप तथा अन्य कार्यक्रम सञ्चालन गर्नु पर्ने ।

ट) विद्यालय तथा छात्राबासमा स्वस्थ्यकर र नैतिक चरित्र निर्माणको वातावरण कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने ।

ठ) आवासिय विद्यालयमा नगरपालिकाले तोकिदिए बमोजिम विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर कायम गर्नु पर्ने ।

ड) आवासिय विद्यालयले सुरुमा कम्तिमा दश प्रतिशत विद्यार्थीलाई आवासिय सुबिधा पुर्‍याउनु पर्ने ।

ढ) नगरपालिका, नगरपालिका शिक्षा इकाईले दिएको निर्देशन अनुरुप काम गर्नु पर्ने ।

ण) अनुसूची ३ बमोजिमको पूर्वाधारहरु यथावत राख्नु पर्ने ।

त) मन्त्रालय सो अन्तरगतका निकायले तोकिदिए बमोजिमको ढाँचामा विद्यालयको शैक्षिक तथ्यांक तयार गरी नगर शिक्षा इकाईमा पठाउने ।

**७. <u>मुनाफा नलिने गरी विद्यालय सञ्चालन गर्ने सम्बन्धी व्यवस्था</u>** : (१) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखि विद्यालय सञ्चालन गर्न चाहेमा नगरपालिकावाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तरगत विद्यालय सञ्चालन गर्न निबेदन दिएमा त्यस्तो विद्यालयको अनुमति र कक्षा थप सम्बन्धी कार्यबिधीको बुदा नं. ३,५ र १२ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) यस कार्यबिधीमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएता पनि उप बुदाँ नं. १ बमोजिम विद्यालय सञ्चालन गर्न पूरा गर्नु पर्ने पूर्वाधार अनुसूची ४ मा उल्लेख भएबमोजिम हुनेछ ।

**८. <u>कम्पनी अन्तरगत सञ्चालित विद्यालयलाई शैक्षिक गुठी अन्तरगत सञ्चालन गर्ने सम्बन्धी व्यवस्था</u> :**

(१) कम्पनी अन्तर्गत सञ्चालन भएका कुनै विद्यालयले शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न चाहनेले अनुमतिका लागि अनुसूची ६ बमोजिम ढाँचामा नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उपबुदाँ नं. १ बमोजिम निवेदन प्राप्त भएमा नगरपालिकाले शिक्षा इकाईलाई त्यस्तो विद्यालयको जाँचबुझ गराई प्रतिबेदन पेश गर्न लगाउनु पर्नेछ ।

(३) उपबुदाँ नं. २ बमोजिम प्रतिबेदन प्राप्त भएपछि नगरपालिकाले निवेदनसाथ प्राप्त कागजात जाँचबुझ गरी त्यस्तो विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न मनासिव देखिएमा गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न अनुमति दिनेछ ।

(४) कम्पनी अन्तरगत सञ्चालित विद्यालयलाई शैक्षिक गुठी अन्तरगत सञ्चालन गर्न दिइने अनुमतिको ढाँचा अनुसूची. ७ बमोजिम हुनेछ ।

९. **<u>धरौटी राख्नु पर्ने</u>** : (१) विद्यालय खोल्न अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षणबापत देहाय बमोजिमको रकम धरौटीको रुपमा राख्नुपर्दछ ।

| विद्यालयको तह | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| १. माध्यमिक विद्यालयका लागि | एकलाख रुपैयाँ | दुईलाख रुपैयाँ |
| २. आधारभुत तह (६-८) विद्यालयका लागि | - | एकलाख पचासहजार रुपैयाँ |
| ३. आधारभुत तह (१-५) विद्यालयका लागि | - | पचासहजार रुपैयाँ |

तर कार्यबिधीको बुदाँ नं. ७ र निजामती कर्मचारी विद्यालय खोल्दा धरौटी राख्नु पर्नेछैन ।

१०. **<u>धरौटी रकम मुद्दती खातामा जम्मा गर्ने</u>** :(१) बुदाँ नं. १० बमोजिम राखिएको धरौटी बापतको रकम नगरपालिकाले तोकिदिएको बैकमा विद्यालयको नाममा मुद्दती खाता खोली जम्मा गरिनेछ ।

(२) उपबुदाँ नं. १ बमोजिम बैंकमा जम्मा गरिएको रकमबाट प्राप्त भएको ब्याजको रकम विद्यालयको काममा खर्च गर्न सकिनेछ ।

(३) उपबुदाँ नं. १ बमोजिमको खाताको सञ्चालन व्यवस्थापन समितिले तोकेको व्यक्ति र नगरपालिकाले तोकेको कर्मचारीको सयुक्त दस्तखतबाट हुनेछ ।

११. **<u>शैक्षिक गुठीसम्बन्धी व्यवस्था</u>** : (१) शैक्षिक गुठीको रुपमा विद्यालय सञ्चालन गर्न चाहनेले शैक्षिक गुठीसम्बन्धी विधान बनाई नगरपालिकामा दर्ता गराउनु पर्नेछ ।

(२) शैक्षिक गुठीसम्बन्धी विधानमा देहायका कुराहरु खुलाएको हुनुपर्नेछ ।

क) विद्यालयको नाम र ठेगाना,

ख) शैक्षिक गुठीका संस्थापकको नाम र ठेगाना,

ग) शैक्षिक गुठीका गुठीयार तथा गुठीयारको मुख्यभई काम गर्ने व्यक्तिको नाम, नियुक्ति प्रकृया र कार्यकाल,

घ) गुठीयारको काम, कर्तव्य र अधिकार तथा निजले पाउने सुबिधाहरु,

ङ) शैक्षिक गुठीमा रहेको घरजग्गा, आम्दानी, ऋण तथा अन्य सम्पत्तिको विवरण,

च) आवश्यक अन्य कुराहरु।

(३) सार्वजनिक शैक्षिक गुठीमा सम्बन्धित विद्यालयका संस्थापक, प्रधानाध्यापक र नगरपालिकाले तोकेको व्यक्ति पदेन गुठीयार हुनेछ ।

(४) सार्वजनिक शैक्षिक गुठीमा कम्तिमा पाँचजना व्यक्ति पदेन गुठीयार हुनेछन ।

(५) सार्वजनिक शैक्षिक गुठीको गुठीयारमा सरकारी प्रतिनिधी, स्थानिय तहका प्रतिनिधी र अभिभावकहरु मध्येबाट कम्तिमा एक-एक जना सदस्य राख्नुपर्दछ ।

(६) उपबुदाँ नं. ५ बमोजिम शैक्षिक गुठीमा प्रतिनिधीत्व गर्ने सरकारी प्रतिनिधी नगरपालिकाबाट तोकिनेछ ।

(७) यस कार्यबिधी बमोजिम स्थापना गरिएको शैक्षिक गुठीले यस कार्यबिधी र अन्य प्रचलित कानुनबमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ ।

**१२. विद्यालयको कक्षा थप सम्बन्धी व्यवस्था :** (१) कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा दुई महिना अगावै नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उपबुदाँ नं. १ बमोजिम निवेदन परेमा नगरपालिकाले थप हुने कक्षाका लागि बुदाँ नं. ४ बमोजिमका पूर्वाधार पूरा भए वा नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा पूर्वाधार पूरा भएको देखिएमा शैक्षिक सत्र शुरु हुनुभन्दा अगावै प्रत्येक वर्ष एककक्षाको दरले कक्षा थप गर्न अनुमति दिनुपर्नेछ ।

(३) विद्यालय खोल्ने र कक्षा थपको अनुमति लिदा निम्नानुसारको रकम नगरपालिकाले तोकेको खातामा जम्मा गर्नु पर्नेछ ।

(क) माध्यमिक तह ( कक्षा ११-१२ ) रु ३०००।-

(ख) माध्यमिक तह ( कक्षा ९-१० ) रु २५००।-

(ग) आधारभुत तह (कक्षा ६-८) रु २०००।-

(घ) पुर्व प्राथमिक /बालविकास कक्षा र आधारभुत तह (कक्षा १-५) रु १५००।-

## परिच्छेद-३
## विविध

**१३. संरक्षको भूमिका :** (१) वडाअध्यक्षले आफ्नो वडा भित्रका विद्यालयको गुणस्तरीय शिक्षाका लागि प्रमुख संरक्षकको रुपमा कार्य गर्नु गराउनु पर्नेछ ।

(२) नगर क्षेत्र भित्रका विद्यालयको गुणस्तरीय शिक्षाका लागि प्रमुख संरक्षकको रुपमा कार्य गर्नु गराउने जिम्मेवारी नगर प्रमुखको हुनेछ ।

**१४. संशोधन** : यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही नगरकार्यपालिकाको हुनेछ ।

**१५ . अनुसूचीहरु :**

## अनुसूची – १

## विद्यालय खोल्ने अनुमतिका लागि दिइने निवेदन

श्रीमान् नगर प्रमुखज्यू

दिपायल सिलगढी नगरकार्यपालिकाको कार्यालय

सिलगढी, डोटी ।

विषय : विद्यालय खोल्ने अनुमति सम्बन्धमा ।

महोदय्

शैक्षिक सत्र .................... देखि ................................................ तहको विद्यालय खोल्न चाहेकोले अनुमतिको लागि देहायका विवरणहरु खुलाई यो निवेदन गरेको छु ।

**क) प्रस्तावित विद्यालयको**

१ नाम :

२ ठेगाना: दिपायल सिलगढी नगरपालिका वडा नं. ........ गाउँ/टोल .....................................

फोन नं. ......................................................................... फ्याक्स नं. .......................................

३ किसिम :

(१) सामुदायिक (२) संस्थागत (३) कम्पनी (४) शैक्षिक गुठी

४ अनुमति लिन चाहेको तह र सञ्चालन गर्ने कक्षा :

५ भविश्यमा सञ्चालन गर्न चाहेको तह र कक्षा :

**ख) प्रस्तावित विद्यालयको लागि पूरा गरिएको भौतिक पूर्वाधार :**

१ भवन: क) संख्या : ख) कच्ची/पक्की/अर्धपक्की ग) आफ्नै/बहालमा/सार्वजनिक

२ कोठाको विवरण: कोठाको संख्या: लम्बाइः चौडाइः उचाइः झ्यालढोकाको अवस्थाः

प्रकाश र बत्तीको अवस्थाः प्रयोजनः

३ फर्निचरको संख्या :

१ डेस्क : २ बेन्च: ३ टेबल: ४ दराज: ५ मेच: ६ अन्य:

४ खेलकुद मैदानको अवस्था र जग्गा (रोपनी वा बिगाहामा ) :

५ शौचालयको संख्या: १ छात्राले प्रयोग गर्ने: २ छात्रले प्रयोग गर्ने:

६ खानेपानीको अवस्था:

७ पुस्तकालयको अवस्था तथा पुस्तक संख्या:

८ प्रयोगशाला: सामग्री:

९ सवारी साधनको विवरण:

१० शैक्षिक सामग्रीको विवरण:

**ग विद्यार्थी संख्या: (प्रास्तावित)**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | | | | | | | | | | |
| संख्या | | | | | | | | | | |

**घ शिक्षक संख्या: (प्रस्तावित)**

**ङ आर्थिक विवरण:**

१ अचल सम्पत्ति: चल सम्पत्ति २: ३ वार्षिक आम्दानी:

४ आम्दानीको श्रोत:

माथि लेखिएका विवरणहरु ठीक साँचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदकको

सही:

नाम:

ठेगाना:

मिति:

**संलग्न गर्नुपर्ने कागजातहरु:**

१) शैक्षिक गुठीको विधान वा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि ।

२) जग्गा वा भवन भाडामा लिने भए कम्तीमा पाँच वर्षसम्मको लागि घर वा जग्गाधनीले बहालमा दिने सम्बन्धमा भएको कबुलितनामा सम्बन्धी पत्र ।

३) प्रस्तावित विद्यालयको क्षेत्रको शैक्षिक नक्सा ।

४) सम्बन्धित नगर शिक्षा समिति वा नगरपालिका वा वडा कार्यालयको सिफारिस ।

## अनुसूची – २

### शिशु विकास कक्षा /पूर्व प्राथमिक विद्यालय/कक्षा सञ्चालनका लागि दिइने निवेदन

श्रीमान् नगर प्रमुखज्यू

दिपायल सिलगढी नगरकार्यपालिकाको कार्यालय

सिलगढी, डोटी ।

विषय : <u>विद्यालय खोल्ने अनुमति सम्बन्धमा</u> ।

महोदय्

शैक्षिक सत्र ………………… देखि शिशु विकास कक्षा /पूर्व प्राथमिक विद्यालय/कक्षा सञ्चालन गर्न अनुमति पाउन अभिभावक तथा समुदाय/वा विद्यालय व्यवस्थापन समितिको मिति ………………………………………………. को निर्णयानुसार तपसिलका विवरण र कागजात संलग्न गरी यो निवेदन गरेको छु/छौ ।

**क) <u>प्रस्तावित शिशु विकास कक्षा/ पूर्व प्राथमिक विद्यालय/ कक्षाको</u>**

१ नाम :

२ ठेगाना: दिपायल सिलगढी नगरपालिका वडा नं. …….. गाउँ/टोल …………………………………

फोन नं. ……………………………………………………………… फ्याक्स नं. …………………………………..

३ सेवा पुर्‍याइने बालबालिकाको संख्या :

**ख) <u>सञ्चालनका लागि जिम्म्वारी लिने वा आबद्धता दिने विद्यालयको:</u>**

१ नाम :

२ ठेगाना:

३ फोन नं.:

**ग) <u>प्रस्तावित विद्यालयको लागि पूरा गरिएको भौतिक पूर्वाधार :</u>**

१ भवन : क) कोठा : ख) कच्ची/पक्की/अर्धपक्की ग) आफ्नै/बहालमा/सार्वजनिक

घ) केले बनेको

२ फर्निचरको संख्या :

१ डेस्क : २ बेन्च: ३ टेबल: ४ दराज: ५ मेच: ६ अन्य:

३ खेलकुद मैदानको अवस्था र जग्गा: (रोपनी वा बिगाहामा )

४ शौचालयको अवस्था :

अ) संख्याः आ) कच्ची/ पक्की इ) पानीको व्यवस्था भए नभएको

५ खानेपानीको अवस्थाः

१ बोकेर ल्याउने २ धाराबाट प्राप्त ३ प्रयाप्त/ अप्रयाप्त

६ पाठ्यसामग्रीहरु के-के छन :

७ आर्थिक विवरणः

१ अचल सम्पत्तिः चल सम्पत्ति २: ३ अन्य :

८ आम्दानीको स्रोतको व्यवस्था कसरी मिलाइन्छ :

९ अन्य कुनै विवरण भए उल्लेख गर्ने :

माथि लेखिएका विवरणहरु ठीक साँचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

संस्थाको छाप निवेदकको

सहीः

नामः

ठेगानाः

मितिः

**संलग्न गर्नुपर्ने कागजातहरुः**

१) भवन खेलमैदान सम्बन्धी प्रमाण, कागजात र विवरण ।

२) संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि र नियमानुसारको नवीकरण र लेखापरीक्षण प्रतिवेदन ।

३) आपसी सहयोग र समूहबाट निवेदन गरिएको भए त्यस्तो समूहको बैठकको निर्णय ।

**४)** कुनै विद्यालयसंग आबद्ध गरी सञ्चालन गर्न खोजिएको भए सो विद्यालयको सिफारिस ।

## अनुसूची -३

### विद्यालय खोल्नको लागि चाहिने पूर्वाधारहरु

१. कक्षाकोठाहरु सामान्यतया नौ फिट उचाइको र घाम तथा पानीबाट बचाउ हुने किसिमको हुनुपर्ने ।

२. कक्षागत क्षेत्रफल पूर्व प्राथमिक र आधारभुत तह (कक्षा १-५) विद्यालयको हकमा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर तथा आधारभुत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१२) विद्यालयको हकमा १.०० वर्ग मिटर भन्दा कम हुन नहुने ।

३. अध्यापन गराइने कक्षाकोठामा हावाको प्रवाह, प्रकाशको व्यवस्थाको साथै स्वस्थ्य हुनुपर्ने ।

४. कक्षाकोठामा विद्यार्थी संख्याको आधारमा फर्निचरको व्यवस्था हुनुपर्ने ।

५. यथेष्ट स्वस्थ्यकर खानेपानीको प्रबन्ध गर्नुपर्ने ।

६. पूर्व प्राथमिक विद्यालयमा बाहेक अन्य विद्यालयमा छात्र छात्राको लागि अलग-अलग शौचालयको व्यवस्था हुनुपर्ने ।

७. पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका सहितको १ विद्यार्थी बराबर कम्तीमा २ प्रतिका दरले पुस्तक उपलब्ध भएको पुस्तकालय हुनुपर्ने ।

८. शिक्षण क्रियाकलापका लागि आवश्यकिय शैक्षिक सामग्रीहरु जस्तै कालोपाटी, नक्सा, ग्लोब, गणितीय सामग्रीहरु हुनुपर्ने ।

९. सम्पूर्ण विद्यार्थीहरु एकैसाथ उभिन सक्ने कम्पाउण्ड हुनुपर्ने ।

१०. पूर्व प्राथमिक विद्यालयमा घर बाहिरका क्रियाकलापहरु सञ्चालन गर्न पुग्ने र अन्य विद्यालयका लागि भलिबल खेल खेल्न मिल्नेसम्मको खेलमैदान र खेलसामग्रीको व्यवस्था हुनुपर्ने ।

११. पाठ्यक्रम अनुसारको विज्ञान सामग्रीको व्यवस्था हुनुपर्ने ।

१२. सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया ४५ जना र संस्थागत विद्यालयमा सामान्यतया २२ जना विद्यार्थी हुनुपर्ने र कक्षा थपको लागि उक्त विद्यार्थीसंख्याको ५० प्रतिशत विद्यार्थी हुनुपर्ने ।

१३. सामुदायिक विद्यालयमा कम्तीमा देहाय बमोजिमको शिक्षकको व्यवस्था हुनुपर्ने :
माध्यमिक तह ५ जना
आधारभुत तह (कक्षा ६-८) ४ जना
आधारभुत तह (कक्षा १-५) ५ जना
आधारभुत तह (कक्षा १-३) ३ जना
पूर्व प्राथमिक विद्यालयको लागि २ जना
तर संस्थागत विद्यालयमा कक्षा शिक्षक अनुपात १:१.४ हुनुपर्नेछ ।

१४. विद्यालयको स्थायी आयस्रोत हुनुपर्ने ।

१५. विद्यालयमा प्राथमिक उपचार सामग्रीको व्यवस्था हुनुपर्ने ।

१६. आवासिय विद्यालयको लागि आवास भवन हुनुपर्ने ।

१७. विद्यालयको हाता कम्पाउण्डले घेरिएको हुनुपर्ने ।

१८. भाडाको भवनमा विद्यालय सञ्चालन गर्ने भए कम्तीमा पाँच वर्षको घरभाडा सम्बन्धी सम्झौता भएको हुनुपर्ने ।

## अनुसूची - ४

### विद्यालय सञ्चालन गर्न दिइने अनुमति

श्री ………………………………………………………

………………………………………………………… ।

तपाईले विद्यालय खोल्ने सम्बन्धमा मिति ………………………………… मा दिनुभएको निबेदन उपर कारबाही हुँदा कार्यबिधी २०७४ को बुदाँ नं. ४ बमोजिमको पूर्वाधार पुरा गरेको देखिएकोले शैक्षिक सत्र ………………देखि आधारभुत तह (कक्षा ) / माध्यमिक तह (कक्षा ) कक्षासम्मको विद्यालय सञ्चालन गर्न यो अनुमति दिइएको छ ।

कार्यलयको छाप अनुमति प्रदान गर्ने अधिकारीको

सही :

नाम :

पद :

मिति :

## अनुसूची – ५

### शिशु विकास कक्षा/ पूर्व प्राथमिक विद्यालय/ कक्षा सञ्चालन गर्न दिइने अनुमति

श्री ………………………………………………………

………………………………………………………… ।

तपाईले/ त्यस विद्यालय/ संस्थाले शिशु विकास कक्षा/ पूर्व प्राथमिक विद्यालय/ कक्षा खोल्ने सम्बन्धमा यस दिपायल सिलगढी नगरपालिकामा दिनु भएको निवेदन उपर कारबाही हुँदा शैक्षिक सत्र ………………देखि शिशु विकास कक्षा/ पूर्व प्राथमिक विद्यालय/ कक्षा सञ्चालन गर्न यो अनुमति दिइएको छ ।

कार्यलयको छाप अनुमति प्रदान गर्ने अधिकारीको

सही :

नाम :

पद :

मिति :

## अनुसूची – ६

## शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न दिइने निवेदन

श्रीमान् नगर प्रमुखज्यू

दिपायल सिलगढी नगरकार्यपालिकाको कार्यालय

सिलगढी, डोटी ।

विषय : शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न पाउँ ।

महोदय्

मैले/ हामीले निम्न विद्यालय कम्पनी अन्तर्गत सञ्चालन गरेकोमा सो विद्यालय शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न चाहेकोले देहायको विवरणहरु खुलाई यो निवेदन गरेको छु/ छौ ।

क) विद्यालयको:

१ नाम :

२ ठेगाना: दिपायल सिलगढी नगरपालिका वडा नं. ........ गाउँ/टोल .....................................

फोन नं. ......................................................................... फ्याक्स नं. .......................................

ख) विद्यालय सञ्चालन भएको मिति :

ग) निजी वा सार्वजनिक कुन शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न चाहेको हो ? सो व्यहोरा :

घ) अन्य आवश्यक कुराहरु

माथि लेखिएका विवरणहरु ठीक साँचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदकको

सही:

नाम:

ठेगाना:

मिति:

**संलग्न गर्नुपर्ने कागजातहरु:**

१) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि ।

२) शैक्षिक गुठीको रुपमा विद्यालय सञ्चालन गर्न कम्पनी रजिष्टारको कार्यालयको सहमति पत्र ।

३) कम्पनीको सञ्चालक तथा व्यवस्थापन समितिले गरेको निर्णय ।

४) प्रस्तावित शैक्षिक गुठीको विधान ।

५) निवेदकको नागरिकताको प्रतिलिपि ।

## अनुसूची – ७

### शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न दिइने अनुमति

श्री ...............................................................

...................................................................।

त्यस विद्यालयले मिति .......................................... मा दिनुभएको निबेदन उपर कारबाही हुँदा यस नगरपालिकाको मिति .................................................... को निर्णयानुसार त्यस विद्यालयलाई शैक्षिक गुठी (सार्वजनिक/ निजी ) को रुपमा विद्यालय सञ्चालन गर्न यो अनुमति दिइएको छ ।

कार्यलयको छाप अनुमति प्रदान गर्ने अधिकारीको

सही :

नाम :

पद :

मिति :

**प्रमाणीकरण मिति : २०७५।०१।०२**

**आज्ञाले**
**भोजराज शर्मा**
**नि. प्रमुख प्रशासकीय अधिकृत**